### बैंकिङ क्षेत्र सुझाव सुधार कार्यदलको प्रतिवेदन

## साइबर सेक्युरिटीमा जोड



**आर्थिक गतिविधि बढाउन के गर्ने ?**

- सुस्त अर्थतन्त्र उकास्न नीति र नियमन सहज बनाउने
- सहुलियतपूर्ण कर्जा सञ्चालन गर्ने
- व्यावसायिक सम्भावना र धितो हेरी थप कर्जा दिने
- ग्रामीण क्षेत्रमा ५ लाख र सहरी क्षेत्रमा १० लाख रूपैयाँसम्मको व्यवसाय कर्जा दिने
- लघुवित्त संस्थाले दिने उद्यमशील कर्जाको सीमा बढाउने
- आइटी र स्टार्टअपलाई प्रोत्साहन गर्ने कर्जा नीति
- कालोसूचीको नियमलाई पुनरावलोकन
- 'ग्रामीण क्षेत्रमा राष्ट्र बैंक' कार्यक्रम गर्ने
- पालिकासँग मिलेर सफल व्यवसायी, एनआरएन र बैंकरको टिम बनाउने
- पालिकामा उद्यमशीलतासहितको वित्तीय साक्षरता कार्यक्रम गर्ने
- घरजग्गा धितोमा भन्दा नगदप्रवाहमा बढी जोड दिने

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं ८ पुस

विश्वभरमा साइबर सेक्युरिटीको त्रास बढिरहँदा नेपालको बैंकिङ क्षेत्रले साइबर सेक्युरिटी र भुक्तानी प्रणालीलाई थप बलियो बनाउनुपर्नेमा जोड दिएको छ।

बैंकिङ क्षेत्र सुधारका लागि गठित कार्यदलले बुझाएको प्रतिवेदनमा कार्यदलले ६ वटा एजेन्डा बनाएर बैंकिङ क्षेत्रको सुधारका लागि ४९ वटा सुझाव दिएको हो। जसमा बैंकिङ नीति नियमनलाई उदार तर विवेकशील (प्रुडेन्सियल), जोखिममा आधारित प्रभावकारी सुपरिवेक्षण र ग्राहकमैत्री बैंकिङ सेवाको विकासका सम्बन्धमा १९ वटा सुझाव दिइएको छ।

साथै, प्रतिवेदनमा सूचना प्रविधि, साइबर सेक्युरिटी तथा भुक्तानी प्रणालीलाई थप बलियो बनाउनुपर्नेमा जोड दिइएको छ। प्रतिवेदनमा अर्थतन्त्र चलायमान गराउन र लयमा फर्काउन उच्च तरलता व्यवस्थापन गर्दै निष्क्रिय कर्जा र गैरबैंकिङ सम्पत्तिको प्रभावकारी सुपरिवेक्षण आवश्यक रहेको उल्लेख छ।

त्यस्तै, बैंकिङ सेवाको विकासका लागि स्वस्थ नियमन तथा ग्राहकमैत्री बैंकिङमा जोड दिइएको छ। एउटै व्यक्ति बैंकर तथा ठुला व्यवसायी हुँदा सिर्जना हुन सक्ने द्वन्द्वको न्यूनीकरण गर्न नेपाल राष्ट्र बैंकले तत्काल कदम चाल्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

कार्यदलले व्यवसायीले ऋण पाउने सुविधालाई संरक्षण गर्दै निर्देशित क्षेत्रमा गएको कर्जाको मूल्यांकन गर्न सुझाव दिएको छ। निश्चित क्षेत्रमा कर्जा सीमित हुँदा निष्क्रिय कर्जा बढेको तर शिक्षा, स्वास्थ्य, यातायात जस्ता महत्वपूर्ण क्षेत्र प्राथमिकता नपरेको उल्लेख कार्यदलको औंल्याएको छ।

यस्तै, गरिबलाई घरदैलोमा सेवा दिने उद्देश्यले स्थापित लघुवित्त संस्थालाई नियामकले बैंकिङ संस्थाको तुलनामा ध्यान नदिएको भन्दै छुट्टै नियामक निकायको कानुनी व्यवस्थाको आवश्यकता प्रतिवेदनले देखाएको छ। विदेशी लगानी देशभित्र आकर्षण गर्न विदेशी विनिमयसम्बन्धी नीति नियमलाई थप उदार बनाउन आवश्यक रहेको पनि प्रतिवेदनमा उल्लेख छ।

साथै, बैंकिङ कारोबारमा इमानदार व्यक्ति तर्सिनु नपर्ने र बेइमान व्यक्ति नउम्किने हिसाबले बैंकिङ कसुरमा सजायको व्यवस्था हुनुपर्ने सुझाव प्रतिवेदन उल्लेख छ।

## एभरेस्ट चिनी उद्योगमा उखु क्रसिङ सुरु




**महोत्तरी/मस-** गौशाला-१ रामनगरस्थित एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजले उखु क्रसिङ (उखु पेलन) थालेको छ। उद्योगले सोमबार यस वर्षको चिनी उत्पादनका लागि क्रसिङ थालेको हो। गत वर्ष उद्योगले मंसिर २६ गते नै क्रसिङ थालेको थियो।

गत वर्षभन्दा दुई साता ढिलो उद्योग सञ्चालन गरिए पनि उद्योगलाई भने उखु पर्याप्त पुगेको छैन। किसानले उखु काटेर पुर्याउन नसक्दा उद्योगलाई उखु अपुग भएको हो।

'हामीले क्रसिङ खोल्यौं, तर क्षमताअनुसार उखु निकै कम आएको छ', उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्ला भन्छन्, 'यसले गर्दा रोकीरोकी क्रसिङ गर्नुपरेको छ।' दैनिक ५५ हजार क्विन्टल उखु क्रसिङ गर्ने क्षमता छ तर उद्योगमा पहिलो दिन आएको उखु १५ हजार क्विन्टल नाघेन,' उनी भन्छन्, 'यसले गर्दा रोकीरोकी क्रसिङ गर्नुपर्ने अवस्था छ।' उद्योगललाई कम्तीमा पनि घानमै ३० हजार क्विन्टल उखु चाहिने उनको भनाइ छ। किसानले अहिलेको मौसमको प्रतिकूलताले उखु कटानमा समस्या भएको बताएका छन्। 'उखु काटेर चाँडै उद्योगमा पुऱ्याउन हामीलाई पनि हतारो छ, तर निकै जाडो बढेको हुँदा जनशक्ति पाइएको छैन,' भंगाहा-४ का उखु किसान अरुण गिरी भन्छन्, 'अब एक/दुई दिनमै कटानले गति समात्ला।'

सरकारले यसपालि गत मंसिर २२ गते उखुको मूल्य निर्धारण गरेको थियो। यस वर्षका लागि उद्योगले प्रतिक्विन्टल ६ सय २० र सरकारले अनुदानबापत ७० रुपैयाँ दिने तोकेको छ। यो गत वर्षभन्दा ७० बढी हो। गत वर्ष उखुको मूल्य ५ सय ८५ र अनुदान ३५ रुपैयाँसहित किसानले प्रतिक्विन्टल ६ सय २० रुपैयाँ पाएका थिए। यसपालिलाई उखुको मूल्य र अनुदानसहित ७ सय ५० पाउनुपर्ने माग राख्दै आएका किसानले थोरै भए पनि भाउ बढ्दा सन्तोष देखाएका छन्।

## एनएमबि बैंकले पायो डिजिटल सर्भिसेज आइसिटी अवार्ड



**काठमाडौं/मस-** एनएमबि बैंक लिमिटेडले डिजिटल रूपान्तरणमार्फत उत्कृष्ट सेवा प्रवाह गरेबापत डिजिटल सर्भिसेज आइसिटी अवार्ड २०२५ प्राप्त गरेको छ।

सो अवार्ड डिजिटल प्रविधिको प्रयोग गरी सार्वजनिक सेवालाई थप सहज, प्रभावकारी र पहुँचयोग्य बनाउने संस्थाहरूले प्राप्त गर्छन्। बैंकले नयाँ डिजिटल माध्यममार्फत आफ्ना सेवाहरूलाई ग्राहकमैत्री बनाएको आधारमा सो सम्मान प्राप्त गरेको हो।

यस उपलब्धिले एनएमबि बैंकको डिजिटल प्रवर्धन र ग्राहककेन्द्रित सेवालाई प्रतिबिम्बित गर्ने बैंकले दाबी गरेको छ। एनएमबि बैंकले हाल देशभर २ सय २ वटा शाखा, १ सय ८४ वटा एटिएम र नौवटा एक्सटेन्सन काउन्टरमार्फत बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

## भेस्पा र अप्रिलियाको 'चिसो विन्टर, तातो अफर'



**काठमाडौं/मस-** डेल्टा अटोकर्प प्रालिअन्तर्गत प्रिमियम इटालियन स्कुटर ब्रान्ड भेस्पा र एप्रिलियाले जाडो मौसमलाई लक्षित गर्दै 'चिसो विन्टर, तातो अफर' नामक विशेष योजना सार्वजनिक गरेका छन्। कम्पनीले जाडोयाममा ग्राहकलाई आकर्षक सुविधा र बचत उपलब्ध गराउने उद्देश्यले उक्त अफर ल्याएको हो।

यस अफरअन्तर्गत भेस्पा वा एप्रिलिया स्कुटर खरिद गर्ने ग्राहकले ७ हजार ५ सय नगद छुट वा २ वर्षको निःशुल्क मर्मत प्याकेजमध्ये कुनै एक छनोट गर्न सक्नेछन्। मर्मत प्याकेजमा इन्जिन आयल, एयर फिल्टर, आयल फिल्टर, निःशुल्क सर्भिस तथा लेभर चार्ज समावेश गरिएको छ। कम्पनीका अनुसार यस योजनाले जाडो मौसममा स्कुटर खरिदलाई थप लाभदायी बनाउनेछ। अफरमा आकर्षक एक्सचेन्ज सुविधा पनि समावेश गरिएको छ। जुनसुकै दुईपांग्रे ब्रान्डको स्कुटर एक्सचेन्ज गर्दा १० हजारसम्म थप मूल्यांकन प्रदान गरिनेछ भने न्यूनतम ४० हजारको ग्यारेन्टी मूल्यांकन सुनिश्चित गरिएको छ। यसले पुरानो स्कुटर साटेर नयाँ प्रिमियम स्कुटर किन्न चाहने ग्राहकलाई थप सहजता दिने विश्वास कम्पनीले लिएको छ।

**सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं।**

- कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं।
- त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं।
- सामाजिक अपराध र हिंसा विरुद्ध एकताबद्ध भएर आवाज उठाऔं।
- बालबालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरु माथि हुने हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरौं।
- सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झुठा समाचार, बदनियतपूर्ण/द्वेषपूर्ण सामग्री प्रति सजग रहौं।
- मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं।
- विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं।
- सामाजिक अपराध रोक्न समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं।
- अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**बारपाक सुलिकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ताकुकोट, गोरखा**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित सूचना मिति : २०८२/०९/०९**

यस कार्यालयबाट मिति २०८२/०६/३० गते प्रकाशित बोलपत्र आव्हानको सूचना र bolpatra.gov.np/egp मार्फत प्राप्त हुन आएका प्राविधिक बोलपत्र प्रस्तावहरूको परीक्षणमा सफल भएका तपशिल बमोजिमका बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/०९/१६ गते (31th December 2025) दिनको १:०० बजे यस गा.पा.को कार्यालयमा bolpatra.gov.np/egp मार्फत खोलिने भएको हुदाँ सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित)को नियम ३१ (ङ) को उपनियम ५ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | ठेक्का नं. विवरण | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| BSRM/GO/ROAD/NCB/WORKS/082/083-03 | चनौटे पाल्खु गाउँपालिका केन्द्र कालोपत्रे सडक स्तरोउन्नती निर्माण कार्य। | 1. M/S Pandey-Jagruk JV, Satdobato, Lalitpur<br>2. M/S Golmeshwar-Nirdosh-Karnali JV Lokanthali, Bhakatpur<br>3. M/S Bikesh & Aayaush Nirman Sewa/Bishwojit Nirman Sewa JV, Kathmandu, Tarkeshwar<br>4.M/S Hom Nirman Sewa-PK Nirman Sewa-Stul JV, Barpak Sulikot-07, Gorkha<br>5.M/S O.S. Engineering Nirman Sewa- Sagarmatha Architect & SuppiersPvt.Ltd. JV, TarkeshwarKtm,<br>6.M/S B.N.P Construction-Nation Builders-Super Like Construction JV<br>7.M/S Oasis Construction Company Pvt. Ltd- HimshikharNirmanSewa JV, Makawanpur. |

**प्रमुख प्रशासकीय अधिकृत**

**Joshipur Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project**
**Project Implementation Unit Joshipur, Kailali**

**INVITATION FOR BIDS**

**Date of Publication: 24th December, 2025**
**Funding Agency: The World Bank**
**Credit No.: 7132-NP**
**Invitation for Bids No: NP-DWSSM-511282-CW- RFB**

1. **Joshipur Rural Municipality, Project Implementation Unit Joshipur, Kailali** invites the Bids from eligible bidders for the Construction of Water Supply Project mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1. | NP-DWSSM-511282-CW- RFB | Construction of Lakkadmandi-Nawadurga Water Supply Project in Joshipur Rural Municipality, Kailali. | 56,00,000/- | 10000/- | Single Stage Double Envelope, Hard Copy Not Acceptable. |

2. Eligible Bidders may obtain further information of the Bidding Documents at the office of Water Sector Governance and Infrastructure Support Project (WaSGISP), Project Implementation Unit Joshipur, Kailali, Sudurpaschim Province, Nepal during office hours or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Project Manager**

**Government of Nepal (GoN)**
**Ministry of Health & Population**
**Bhaktapur Cancer Hospital**
**Dudhpati, Bhaktapur**

**Invitation for Bids**

**Date of publication: 2082/09/09**

**Bhaktapur Cancer Hospital (BCH)** invites electronic bids from eligible bidders for the following bids under NCB Single Envelope System bidding procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

| IFB No. | Name of Project | Document Fee | Bid Security |
|---|---|---|---|
| BCH/NCB/GOODS/082/83/02 | Procurement of Radiotherapy Mask for Hospital Pharmacy | NRs.3,000.00 | NRs. 125,000.00 |

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**